## धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि कर असुल गर्ने सम्बन्धी

## बोलपत्र आस्वानको सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मिति : २०७९/०७/१७

यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष ०७९/८० को अवधिका लागि धुर्कोट गाउँपालिकाको निर्णय बमोजिम तपशिलका स्थानहरुवाट ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि कर संकलन गर्न बढाबढद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले पुन: यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म, संस्था वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तको अधिनमा रहि तोकिएको अवधिभित्र शिलवन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र बोलपत्र फारम यस कार्यालयमा सम्बन्धित आपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको संस्था वा कम्पनी दर्ताको प्रमाणीत प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्र,आर्थिक वर्ष ०७७/७८ को कर चुक्ता गरेको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र निर्माण व्यवसायी इजाजत पत्र निवेदन साथ संलग्न राखि माग गरे पश्चात नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२. शिलबन्दी बोलपत्र ८ औं दिनको दिन दिउसो १२.०० बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

३. बोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम धुर्कोट गाउँपालिकाको सनराइज बैंक लि. बर्वोट, गुल्मीमा रहेको धरौटी खाता नं.**०९१०५०१३०७७०१००२** मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । साथै बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

४. तोकिएको समय भित्र पेश भएका बोलपत्र सोही दिनको दिउसो २.०० बजे कार्यालयमा खोलिने छ ।

५. स्वीकृत कबोल गरेको रकम बढीमा तीन किस्ता गरि बुझाउनु पर्नेछ । सम्झौता गर्दाको समयमा एक मुष्ठ बुझाउन चाहेमा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

६. कबोल गरेको रकम अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौतापूर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्नेछ । अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ । रित नपुगि वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८. नियमानुसार लाग्ने सम्पूर्ण कर निर्माण व्यवसायी स्वयंले व्यहोर्नु पर्नेछ ।

९. नेपाल सरकार र धुर्कोट गाउँपालिकाले समय समयमा दिइएको नीति निर्देशन तथा आदेशको पालना गर्नु ठेक्का सम्झौता कर्ताको कर्तव्य हुनेछ । कुनै कारण जनाई निजलाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार धुर्कोट गाउँपालिकामा निहित रहनेछ ।

१०. ठेक्का कबोल गर्ने पक्षले गाउँपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाई यस कार्यालबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसीदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कार्वाही गरिनेछ ।

११. धुर्कोट गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्महरुको दरभाउ पत्र स्वीकृत हुने छैन ।

१२. दरभाउ सम्बन्धी सूचना यस कार्यलयको सूचना पाटी तथा गाउँपालिकाको वेवसाईट www.dhurkotmun.gov.npमा पनि हेर्न सकिने छ ।

१३. अन्य शर्तहरु सम्झौताका बखत निर्धारण हुनेछ ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

१४.यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१५. अन्य थप जानकारीको लागि ९८५७०६७९१७, ९८५७०२३३४४, ९८६७९२३८२० मा सम्पर्क गर्न सक्नु हुनेछ ।

तपशिल

| ठेक्का नं. | मालवस्तुको विवरण | न्युनतम कवोल अङ्क | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०२/०७९/८० | पनाहाखोला कपासे देखि ठुल्दी सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | रु. ३,७४,६७०।- | रु.१,०००।- | |
| ०४/०७९/८० | पनाहाखोला जुरेढुङ्गा देखि वडाचौर सम्म धुर्कोट गा.पा. क्षेत्रमा पर्ने पनाहाखोला र विभिन्न खोलाहरुको बगरक्षेत्र बाट ढुंङ्गा, गिट्टी, बालुवा आदिको उत्खनन, संकलन र विक्रि कर असुली | रु. २,२८,८००।- | रु.१,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत